08/01/2025

National News

प्रमुख समाचार

- प्रधानमन्त्रीले आन्द्र प्रदेशमा विकसित भारतबाट विभिन्न परियोजनाहरूको उदघाटन अनि आधारशिला राख्नुभयो
- एक राष्ट्र एक चुनाउसित सम्बन्धित दुईवटा विधेयकमाथि JPC-को पहिलो बैठक सम्पन्न
- राष्ट्रपति भोलीदेखि मेघालय र ओडिशाको भ्रमणमा रहनुहुने
- रक्षा मन्त्री श्री राजनाथ सिंहको मालदीवका समकक्षीसित नयाँ दिल्लीमा द्विपक्षीय बैठक सम्पन्न
- खाद्य प्रसंस्करण उद्योग मन्त्रीले भन्नुभयो, देशले व्यंजनलाई वैश्विक बनाउने क्षमता राख्दछ

- PM - AP

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज आन्द्र प्रदेशमा विकसित भारतबाट दुई लाख करोड़ रूपियाँभन्दा अधिकका परियोजनाहरूको भर्चुअल रूपमा उदघाटन अनि आधारशिला गर्नुभयो। भिसाकापटनमस्थित आन्द्र विश्वविद्यालयको अभियान्त्रिकी कलेज खेल मैदानमा जनसभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भन्नुभयो, यो आन्ध्र प्रदेशका लागि ठूलो दिन हो, किनभने महत्त्वपूर्ण हरित ऊर्जा पहलहरू र महत्त्वपूर्ण पूर्वाधार विकास परियोजनाहरू यहाँ शुरू भएका छन्। उहाँले आन्ध्र प्रदेशको विकासका लागि आफ्नो सरकार प्रतिबद्ध रहेको पनि बताउनुभयो।

प्रधानमन्त्रीले पूडिमढाकामा एक लाख पचासी हजार करोड रूपियाँको अत्याधुनिक NTPC ग्रीन इनर्जी लिमिटेडको हरित हाइड्रोजन हब परियोजनाको पनि भर्चुअल रूपमा आधारशिला राख्नुभयो। यो राष्ट्रिय हरित हाइड्रोजन मिसनअन्तर्गत पहिलो हरित हाइड्रोजन हब हुनेछ।

यसअघि, भिसाकापटनम आइपुगेपछि श्री मोदीले आन्द्र प्रदेशका मुख्यमन्त्री श्री N चन्द्रबाहु नाइडु र उपमुख्यमन्त्री श्री K पवन कल्याणको साथमा सोड़ सो गर्नुभयो।

---------------------------------------X--------------------------------------

- <u>JPC-One Nation One Election</u>

एक राष्ट्र एक चुनाउसित सम्बन्धित दुईवटा विधेयकमाथि संयुक्त संसदीय समिति (JPC)-को पहिलो बैठक आज नयाँ दिल्लीमा बस्यो। विधेयकलाई आधिकारिक रूपमा एक सय उन्तीसौं संविधान संशोधन विधेयक-2024 र केन्द्रशासित प्रदेश कानुन संशोधन विधेयक-2024-को नाम दिइएको छ।

पत्रकारहरूसित कुराकानी गर्दै समितिका अध्यक्ष भाजपा सांसद श्री PP चौधरीले भन्नुभयो, समितिले सबै हितधारकहरूको विचार जान्नेछ, चाहे उनीहरू कानुनी विशेषज्ञ वा न्यायपालिकाका सदस्य हुन्, नागरिक समाजका सदस्य हुन् वा कुनै राजनीतिक दल होस्। उहाँले भन्नुभयो, समितिले सबैको विचार जानेपछि अघि बढ्ने फसेला गर्नेछ।

बैठकमा कानुन तथा न्याय मन्त्रालयको विधायी विभागका प्रतिनिधिहरूले सदस्यहरूलाई प्रस्तावित कानुनको प्रावधानको बारेमा जानकारी दिए।

उन्तीसजना सदस्यीय समितिमा सत्ताइसजना सदस्य लोकसभाबाट र बाह्रजना राज्यसभाबाट छन्। यस समितिले आगामी संसद सत्रको अन्तिम सप्ताहको पहिलो दिनसम्ममा आफ्नो प्रतिवेदन सुम्पिनेछ।

--------------------------------------X--------------------------------------

- <u>Prez Visit</u>

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु भोलीदेखि मेघालय र ओडिशाको भ्रमणमा रहनुहुनेछ। राष्ट्रपति मेघालयको उमियममा ICAR अनुसन्धान परिसरको स्वर्ण जयन्ती समारोहमा शामेल हुनुहुनेछ। यसैगरी उहाँले दश जनवरीमा ओडिशाको भुवनेश्वरमा अठारौं प्रवासी भारतीय दिवस सम्मेलनको समापन सत्रमा उपस्थिति जनाउनका साथै प्रवासी भारतीय सम्मान पुरस्कार प्रदान गर्नुहुनेछ।

--------------------------------------X--------------------------------------

- Rajnath Maldives

रक्षा मन्त्री श्री राजनाथ सिंह र मालदीवका रक्षा मन्त्री श्री मोहम्मद घासन मौमूनले आज नयाँ दिल्लीमा द्विपक्षीय बैठक गर्नुभयो। दुवै मन्त्रीहरूले प्रशिक्षण, नियमित सैन्य अभ्यास र रक्षा परियोजनासहित द्विपक्षीय रक्षा सहयोगका विभिन्न मुद्दाको समीक्षा गर्नुभयो।

रक्षा मन्त्रीले रक्षा तयारीका लागि क्षमता बढाउनमा मालदीवलाई सहयोग प्रदान गर्ने भारतको प्रतिबद्धता दोहोऱ्याउनुभयो। भारतको छिमेकी प्रथम नीतिअनुरूप रक्षा मञ्चको उपयोग र परिसम्पत्तीको क्षमता विस्तातरमाथि पनि चर्चा भयो।

मालदीवका रक्षा मन्त्री भारतको तीन दिने यात्रामा हुनुहुन्छ। यसअवधि उहाँ गोवा र मुम्बई पनि जानुहुनेछ। मालदीवले भारतको 'छिमेकी प्रथम' नीतिमा एउटा विशेष स्थान राख्दछ। यसको उद्देश्य हिन्द महासागर क्षेत्रमा स्थिरता र समृद्धि ल्याउनु हो। दुवै देशले हिन्द महासागर क्षेत्रमा रक्षा र सुरक्षा बनाइ राख्नमा महत्त्वपूर्ण भूमिका निभाउँदछन्।

---------------------------------------X---------------------------------------

- Chirag Food Processing

केन्द्रिय खाद्य प्रसंस्करण उद्योग मन्त्री श्री चिराग पासवानले भन्नुभएको छ, भारतले आफ्नो भौगोलिक र जनसांख्यिकीय विविधताका कारण आफ्ना व्यंजनहरूलाई वैश्विक बनाउने क्षमता राख्दछ। उहाँले आज ग्रेटर नोएडामा इन्डस फूड 2025-को उदघाटन गर्दै यो कुरा भन्नुभयो। श्री पासवानले भन्नुभयो, कृषि प्रधान देश भएका कारण भारत, आफ्नो मसलाका लागि आगामी दिनमा वैश्विक बास्केट बन्न सक्नेछ। उहाँले आम मानिसहरूका लागि खाद्य सुरक्षामाथि जोड़ दिनुभयो।

श्री पासवानले भन्नुभयो, देशभरि सयवटा नयाँ खाद्य परीक्षण प्रयोगशाला स्थापित गरिँदैछ। उहाँले आश्वासन दिँदै भन्नुभयो, सरकार, केन्द्र र निजी उद्योगहरूको नीतिबीच एउटा सेतु बन्नका लागि प्रतिबद्ध छ। इन्डस फूड एशियाको प्रमुख खाद्य तथा पेय व्यापार प्रदर्शनी हो। यो व्यापार प्रदर्शनीले वैश्विक व्यवसायीहरूलाई भारतको खाद्य अर्थव्यवस्थासित जुड्न एउटा विशेष मञ्च प्रदान गर्दछ। यस आयोजनमा एक सय अस्सीभन्दा अधिक अन्तरराष्ट्रिय प्रदर्शक समेत एक हजार आठ सयभन्दा अधिक प्रदर्शकले भाग लिइरहेछन्।

---------------------------------------X---------------------------------------

- <u>China - Earthquake</u>

चीनको तिब्बतमा विनाशकारी भुइचालोपछि हिउँको चिसोमा हजारौं बचाउकर्मी जीवित मानिसहरूको खोजी गरिरहेछन्। हिजो आएको यस भुइचालोमा कमतिमा एक सय छब्बीसजनाको मृत्यु भएको छ। प्रारम्भिक सर्वेक्षणअनुसार लगभग तीन हजार छह सय नौंवाट घर क्षतिग्रस्त भएका छन्। रिएक्टर स्केलमा भुइचालोको तीव्रता सात दशमलौ एक मापन गरियो। भुइचालो सगरमाथा र नेपालसित जोड़िएको तिब्बती क्षेत्र टिङ्ग्रीबाट लगभग पचहतर किलोमीटर दुरीमा आएको हो। यसैबीच चीनका अधिकारीहरूले अहिलेसम्म हराएका मानिसहरूको कुनै आँकडा दिएको छैन। टिङ्ग्रीमा आज तापमान शून्य डिग्री सेल्सियसदेखि तल थियो। चीनको केन्द्रिय टेलीभिजनले बताएअनुसार देशका भुइचालो वैज्ञानिकहरूले भुइचालो प्रभावित क्षेत्रमा विगत चौबीस घण्टामा पाँच सय पन्द्रवटा झट्का आएको जानकारी दिएको छ।

---------------------------------------X--------------------------------------

- <u>USA - Indian</u>

अमेरीकाको भर्जीनियामा विधायकका लागि विशेष चुनाउमा भारतीय मूलका श्री कन्नन श्रीनिवासनलाई आज स्टेट सीनेट र श्री JJ सिंहलाई स्टेट हाउस अफ डेलिगेट्सका लागि चुनियो। श्री श्रीनिवासनलाई यसअघि 2023-मा भर्जीनिया हाउसका लागि चुनिएको थियो। श्री JJ सिंहले पूर्व राष्ट्रपति श्री बराक ओबामाको अधीनमा व्हाइट हाउस अफ म्यानेजमेन्ट अनि बजेटमा काम गर्नुभएको थियो।

---------------------------------------X--------------------------------------

- <u>India-European Union</u>

भारत र यूरोपीय संघको मानवाधिकारको एघारौं वार्ता आज नयाँ दिल्लीमा आयोजन गरियो। वार्ताको सह-अध्यक्षता विदेश मन्त्रालयमा संयुक्त सचिव श्री पीयूष श्रीवास्तव र भारतमा यूरोपीय संघका राजदूत श्री हर्वे डेल्फिनले गर्नुभयो। वार्तामा भारत र यूरोपीय संघले लोकतन्त्र, स्वतन्त्रता, कानुनको शासन र सबै मानवाधिकारको प्रचार र संरक्षण तथा साझा सिद्धान्त र मूल्यप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याए। उनीहरूले सबै मानवाधिकारको सार्वभौमिकता, अविभाज्यता, परस्पर निर्भरता र अन्तर्संबन्धतामाथि जोड़ दिए।

दुवै पक्षले अभिव्यक्ति र शान्तिपूर्ण सभाको स्वतन्त्रताको सम्मान गर्दै नागरिक समाजका प्रतिनिधिहरू र संगठन अनि पत्रकारहरू तथा अन्य हितधारकहरूको

स्वतन्त्रता र विविधताको रक्षा गर्नमाथि सहमति व्यक्त गरे। यूरोपीय संघले मृत्युदण्डमाथि आफ्नो विरोध दोहोऱ्यायो। भारतले विकासको अधिकारलाई एउटा विशिष्ट, सार्वभौमिक, अविभाज्य र मौलिक मानव अधिकारका रूपमा मान्यता दिने आफ्नो अड़ान स्पष्ट पाऱ्यो।

--------------------------------------X--------------------------------------

- <u>Ukraine Drone Attack</u>

यूक्रेनी सेनाले रूसको सारातोव क्षेत्रमा ठूलो संख्यामा ड्रोन आक्रमण गऱ्यो। यी आक्रमणहरूमा एउटा औद्योगिक उद्यमलाई नोक्सान पुग्यो। यूक्रेनको सेनाका जनरल स्टाफले भन्नुभएको छ, सेनाले एङ्गेल्समा एयरबेसलाई ईन्धन प्रदान गर्ने एउटा रूसी तेल डिपोलाई निशाना बनाएको छ। सारातोवका गवर्नर श्री रोमन बुसार्गिनले भन्नुभएको छ, आक्रमणमा सारातोव र एङ्गेल्सका छिमेकी शहरहरूलाई पनि निशाना बनाइयो। यी क्षेत्र रूसी बम वर्षक विमानहरूको एयरबेस हो। रूसको रक्षा मन्त्रालयले आफूले सारातोव क्षेत्रमा एघारवटा यूक्रेनी ड्रोनलाई नष्ट गरेको बताएको छ। मन्त्रालयले कुर्स्क, रोस्तोव, बेलगोरोड, ब्रांस्क, क्रास्नोडार, वोल्गोग्राड र आजोव समुद्रमाथि कुल एक्काइसवटा यूक्रेनी ड्रोनलाई नष्ट गरेको दावी गरेको छ।

--------------------------------------X--------------------------------------

- <u>Puducherry-HMPV Meeting</u>

पुडुचेरीका उपराज्यपाल श्री K कैलाशनाथनको अध्यक्षतामा एउटा उच्च स्तरीय समिति बैठकमा चीनमा हयूमन मेटान्यूमो भाइरस (HMPV) फैलिएको र भारतमा पनि यसका केही मामिलालाई लिएर स्वास्थ्य विभागको तयारीको आकलन गरियो। बैठकमा उपराज्यपालले जोड़ दिँदै भन्नुभयो, जनताले डराउनु हुँदैन, किनभने HMPV तीन दशकभन्दा अधिक समयदेखि समुदायमा प्रचलित छ तथा तनाउको कुनै तत्काल कारण छैन। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय र भारत सरकारले पुडुचेरीको स्वास्थ्य विभागसित मिलेर स्थितिको ध्यानपुर्वक निगरानी गरिरहेछ र कुनै पनि स्वास्थ्य चुनौतीको जवाफ दिन पूर्ण रूपमा तयार छ।

--------------------------------------X--------------------------------------

- Delhi-BJP, Congress and AAP

दिल्ली विधानसभा चुनाउ कार्यक्रमको घोषणासितै राजधानीमा राजनीतिक गतिविधि विस्तारै बढ़िरहेछ। आम आदमी पार्टीका राष्ट्रिय संयोजक श्री अरविन्द केजरीवालद्वारा मुख्यमन्त्री रहँदाको समयमा आफ्नो आधिकारिक आवासमा कथित अचाहिँदो खर्चको मामिलामाथि सत्तारूढ़ आम आदमी पार्टी र विपक्षी भाजपा दुवै आमने-सामने छन्। यस मुद्दामाथि दुवै दलबीच लगातार आरोप-प्रत्यारोप जारी छ।

यसैबीच, दिल्ली कंग्रेसले सत्तामा आएपछि शहरमा मानिसहरूको स्वास्थ्य हेरचाहका लागि पच्चीस लाख रूपियाँसम्मको नगदरहित बीमा दिने वाचा गरेको छ। नयाँ दिल्लीमा पत्रकारहरूसित कुराकानी गर्दै पार्टीका वरिष्ठ नेता श्री अशोक गहलोतले भन्नुभयो, कंग्रेस पार्टीले जहाँ पनि शासन गऱ्यो, त्यहाँ स्वास्थ्य सुविधा प्रदान गर्नमाथि ध्यान केन्द्रित गरेको छ।

--------------------------------------X--------------------------------------